# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, वैशाख ११ गते, २०७४ साल (अतिरिक्ताङ्क १क

## भाग ५

### निर्वाचन आयोगको

### सूचना–१

संवत् २०७४ साल बैशाख ३१ र संवत् २०७४ साल जेठ ३१ गते गरी दुई चरणमा हुने स्थानीय तह निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५ को उपदफा (१) र (२) अनुसार देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले सोही ऐनको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय तह निर्वाचन २०७४
## पहिलो चरणको निर्वाचन कार्यक्रम

| क.सं | कार्यक्रम | मिति | | समय (बजेमा) | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।१।१९ | - | १०:०० | १७:०० | मुख्य निर्वाचन अधिकृत /निर्वाचन अधिकृतको कार्यालय |
| २. | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।१।१९ | - | | १७:३० | ऐ. ऐ. |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७४।१।२० | - | १०:०० | १३:०० | ऐ. ऐ. |
| ४. | मनोनयनपत्र जाँच गर्ने | २०७४।१।२० | २०७४।१।२१ | मिति २०७४।१।२० को १३:०० | मिति २०७४।१।२१ को ११:३० | ऐ. ऐ. |
| ५. | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।१।२१ | - | ११:३० | १३:०० | ऐ. ऐ. |
| ६. | उम्मेदवारले नाम फिर्ता लिने | २०७४।१।२१ | - | १३:०० | १७:०० | ऐ. ऐ. |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।१।२२ | - | १०:०० | ११:०० | ऐ. ऐ. |
| ८. | उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने | २०७४।१।२२ | - | ११:०० | १७:०० | ऐ. ऐ. |
| ९. | मतदान गर्ने | २०७४।१।३१ | - | ०७:०० | १७:०० | सम्बन्धित मतदान केन्द्र |

द्रष्टव्य :

१. निर्वाचन अधिकृतले गाउँपालिका/नगरपालिका वडाभित्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि मतगणना कार्य शुरु गर्नेछ ।

२. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।



१६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय तह निर्वाचन २०७४
## दोस्रो चरणको निर्वाचन कार्यक्रम

| क्र.सं | कार्यक्रम | मिति | | समय (बजेमा) | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।२।१९ | - | १०:०० | १७.०० | मुख्य निर्वाचन अधिकृत /निर्वाचन अधिकृतको कार्यालय |
| २. | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।२।१९ | - | | १७.३० | ऐ. ऐ. |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७४।२।२० | - | १०:०० | १३.०० | ऐ. ऐ. |
| ४. | मनोनयनपत्र जाँच गर्ने | २०७४।२।२० | २०७४।२।२१ | मिति २०७४।२।२० को १३:०० | मिति २०७४।२।२१ को ११.३० | ऐ. ऐ. |
| ५. | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।२।२१ | - | ११:३० | १३.०० | ऐ. ऐ. |
| ६. | उम्मेदवारले नाम फिर्ता लिने | २०७४।२।२१ | - | १३:०० | १७.०० | ऐ. ऐ. |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।२।२२ | - | १०:०० | ११.०० | ऐ. ऐ. |
| ८. | उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने | २०७४।२।२२ | - | ११:०० | १७.०० | ऐ. ऐ. |
| ९. | मतदान गर्ने | २०७४।२।३१ | - | ०७:०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

द्रष्टव्य :

१. निर्वाचन अधिकृतले गाउँपालिका/नगरपालिका वडाभित्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि मतगणना कार्य शुरु गर्नेछ ।

२. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

खण्ड ६६ अतिरिक्ताङ्क १९ मिति २०७३।११।११ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित निर्वाचन कार्यक्रम निर्धारण सम्बन्धी यस आयोगको सूचना खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

## सूचना-२

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारबाट संवत् २०७४ साल बैशाख ३१ गते स्थानीय तहको निर्वाचन एकै चरणमा गर्ने गरी निर्णय भएको र सो प्रयोजनका लागि संवत् २०७४ साल बैशाख १६ गते मनोनयन पत्र दर्ता गर्ने गरी निर्वाचन कार्यक्रम प्रकाशन भएको तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १८ बमोजिम राजनीतिक दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको दलको पदाधिकारीको नाम, थर, पद र दस्तखत नमूना संवत् २०७३ साल चैत्र ३० गते सम्म यस आयोगमा पेश गर्न गोरखापत्र दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएकोमा आयोगको परामर्शमा नेपाल सरकारबाट प्रदेश नं. ३, ४ र ६ मा संवत् २०७४ साल बैशाख ३१ गते तथा प्रदेश नं. १, २, ५ र ७ मा संवत् २०७४ साल जेठ ३१ गते गरी दुई चरणमा स्थानीय तहको निर्वाचन गर्न निर्णय भई पहिलो चरणमा हुने निर्वाचनका लागि मनोनयन पत्र पेश गर्ने म्याद संवत् २०७४ साल बैशाख १९ गते कायम गर्ने गरी आयोगबाट निर्णय समेत भएको परिप्रेक्ष्यमा स्थानीय तहको निर्वाचनमा भाग लिन जिल्लागत विवरण पेश गरी उम्मेदवारको मनोनयनको औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको दलको पदाधिकारीको नाम, थर, पद र दस्तखत नमूना आयोगमा उपलब्ध गराउन छुट भएका राजनीतिक दलहरुलाई सो प्रयोजनका लागि दुई दिन म्याद दिने गरी निर्वाचन आयोग ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिम निर्वाचन आयोगले आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**गोपीनाथ मैनाली**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

966